# प्रभाव दैनिक
National Daily



- मदिरा तथा सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
- मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानुनी व्यवस्था छ ।
- कानुनको पूर्णरूपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ९ | अंक ३१४ | काठमाडौं | बुधबार, १ चैत २०७९ | Prabhab National Daily | Wednesday, March 15, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## उपराष्ट्रपति निर्वाचनः

# निषेध अवधि सुरु

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** यही चैत ३ गते हुने उपराष्ट्रपतिको निर्वाचनका उम्मेदवारले प्रचारप्रसार र आफूलाई मत माग्ने काम सकिएको छ । मंगलबार रातिदेखि आचारसंहिता लागू भएसँगै प्रचारप्रसार र मत माग्ने क्रम रोकिएको हो ।

> निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न, उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न नपाइने

आचारसंहिता बमोजिम निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनको ४८ घण्टाअघिदेखि अर्थात् गएराति १२ बजेदेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुञ्जेलसम्म प्रचारप्रसार निषेधको अवधि लागू हुनेछ ।

निर्वाचनमा अष्टलक्ष्मी शाक्य (बोहरा), प्रमिला कुमारी, ममता झा र रामसहायप्रसाद यादव उम्मेदवार रहेकामा प्रमिला कुमारीले यसअघि नै निष्क्रिय बस्ने घोषणा गरिसकेकी छन् । उनले आफ्नै पार्टी जनता समाजवादी (जसपा) नेपालका रामसहायप्रसाद यादवलाई समर्थन गर्ने घोषणा गरेकी हुन् ।

राष्ट्रपतिको अनुपस्थितिमा उपराष्ट्रपतिले जिम्मेवारी सम्हाल्ने संवैधानिक व्यवस्था रहेको उक्त पद कुनै व्यक्ति विशेषका लागि खडा गरिएको नभई देशको स्थिति र अवस्थालाई मध्यनजर राखेर बनाइएको महत्त्वपूर्ण पद मानिन्छ । राजनीतिक दलले त्यसलाई उपयोग गर्न नजानेर अनेक खालको टीप्काटिप्पणी हुँदै आएको उपराष्ट्रपतिका उम्मेदवारले प्रतिक्रिया दिएका छन् ।

**संविधानको सर्वोच्चतालाई कायम राख्छु : शाक्य**

उपराष्ट्रपति पदका उम्मेदवार नेकपा एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले आफूलाई सफलता मिलेमा संविधानको सर्वोच्चतालाई कायम राख्ने, संरक्षण गर्ने, राष्ट्रियताको प्रवर्द्धन र राष्ट्रको संरक्षण गर्ने तथा सबैलाई संरक्षकत्व र अभिभावकत्व प्रदान गर्ने कार्यमा काम गर्ने बताइन् ।

उनले भनिन्, 'म विजयी भएको खण्डमा पदको गरिमालाई कायम राख्दै सबैलाई अपनत्व प्रदान गर्ने भूमिकाका लागि कोसिस गर्नेछु । मतदातासमक्ष यसैका लागि आशा भरोसा राखेर मत मागेको छु, मतदाताबाट सकारात्मक प्रतिक्रिया पाएको छु ।'

**संविधान पालनाका लागि मेरो उम्मेदवारी : यादव**

उपराष्ट्रपतिका लागि अर्का उम्मेदवार जनता समाजवादी पार्टीका नेता रामसहायप्रसाद यादवले नेपालको संविधानको पालना र रक्षाका लागि आफ्नो उम्मेदवारी भएको प्रतिक्रिया दिए । उनले भने, ' निर्वाचित भएको खण्डमा राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्न, संविधान र कानुनको (**बाँकी पृष्ठ २ मा**)

# नामले अशान्त 'कोशी'







- प्रदेशको पुनः नामांकनको माग गर्दै पहिचानवादीहरु आन्दोलित
- दुई साता हुँदा पनि आन्दोलन रोकिने छाँट छैन
- मुख्यमन्त्री, मन्त्रीदेखि सांसदहरूको ठाउँठाउँमा पुत्ला दहन
- प्रदेशका सार्वजनिक स्थानमा कालो झण्डा
- प्रदेशको नाम कोशी खारेज गर्न माग
- ऐतिहासिक दस्तावेजहरूले कोशीको भूगोल लिम्बुवान–खम्बुवान पुष्टि

■ **जेबी योञ्जन**

**काठमाडौं–** देशको पूर्वी क्षेत्रको प्रदेशको नाम 'कोशी' राखिएपछि त्यहाँ दुई सातादेखि अशान्ति छ । पहिचानवादीहरू लगातार आन्दोलित छन् । प्रदेशका ठाउँठाउँमा कालो झण्डा गाडिएको छ । कतै त प्रदेशको नाम 'कोशी' राखिएको बोर्ड नै तोडफोड भएको छ ।

यी घटनाहरूले नामकै कारण प्रदेश आन्तरिक द्वन्द्वमा फसेको देखिएको छ । प्रदेशको नाम 'कोशी' राख्ने दलका सांसद र मन्त्रीहरूलाई त प्रदेश निर्वाचन क्षेत्रमा प्रवेश गर्न सहज छैन । पहिचानवादी दल र तिनका नेता कार्यकर्तासँगै समर्थकहरूले उनीहरूको चर्को आलोचना गरिरहेका छन् ।

> आकस्मिकरूपमा प्रस्ताव आयो । प्रस्तावको पक्षमा मत हालियो । संसदीय दलको निर्देशन मान्नैपर्छ । र, त्यसबेला यस्तो होला भन्ने सोचिएन ।
>
> ■ **मैयाँ श्रेष्ठ लावती**
> प्रदेश सांसद

प्रदेशको केही जिल्लामा त मुख्यमन्त्री हिक्मत कार्की, नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा र नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो 'मौसम'को पुत्ला दहनसमेत भएको छ । 'कोशी' नामका प्रस्तावक इलामका एमाले सांसद रामबहादुर राना, समर्थक बनेका अर्का सांसद निरेन राईलगायतको पनि उत्तिकै आलोचना भइरहेको छ ।

कांग्रेसकी प्रदेश सांसद मैयाँ श्रेष्ठ लावती नामको विषयलाई लिएर प्रदेशमा द्वन्द्व निम्तिने नसोचिएको बताउँछिन् । उनले प्रभावसँग भनिन्, ' आकस्मिकरूपमा प्रस्ताव आयो । प्रस्तावको पक्षमा मत हालियो । संसदीय दलको निर्देशन मान्नैपर्छ । र, त्यसबेला यस्तो होला भन्ने सोचिएन ।'

१७ फागुनमा प्रदेश संसद्को दुई तिहाइ बहुमतले कोशी प्रदेश नामकरण गरेको हो । जतिबेला एमालेका ४० जना, कांग्रेसका २९ जना, माओवादीका १३ जना र राप्रपाका छ जना सांसदले कोशीको पक्षमा मतदान गरेका थिए । नेकपा एकीकृत समाजवादी र जनता समाजवादीका पार्टीका गरी पाँच जना सांसदले भने कोशी नामको विरुद्धमा मतदान गरेका थिए ।

दुई तिहाइ बहुमतले प्रदेश नाम कोशी राखिए पनि पहिचान पक्षधरहरू लगातार सडकमा छन् । घरिघरी चक्काजाम गर्दै आएका छन् । आन्दोलनकारीहरूकै शब्दमा प्रदेशको नाम नै 'आन्तरिक द्वन्द्व'को कारक हो । उनीहरूका अनुसार ऐतिहासिक दस्तावेजहरूका आधारमा कोशी नाम भएको प्रदेशको भूगोल लिम्बुवान र खम्बुवानको हो ।

गोरखा राज्य विस्तार हुनुभन्दा पहिले अरुण–सभाखोलादेखि पूर्व मेची (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# योजनामै सीमित '२४ घण्टे बिमा'

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** नेपाल सरकारले वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको हितमा हुनेगरी लागू गर्न खोजेको '२४ घण्टे बिमा' सेवा योजनामै सीमित बनेको छ । तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले श्रम गन्तव्य मुलुकमा २४ घण्टे बिमा सेवाका लागि प्रस्ताव गर्ने निर्णय गरेको भए पनि अहिलेसम्म कुनै पहल हुन सकेको छैन ।

मन्त्रालयभित्र बेलाबेलामा मात्रै उठ्ने '२४ घण्टे बिमा' सेवाको कुरा सम्बन्धित मुलुकमा प्रस्ताव हुन नसक्दा निर्णयमै सीमित भएको हो । तत्कालीन समयमा मन्त्री विष्टले श्रम, आप्रवासनसम्बन्धी नेपालको स्थिति प्रतिवेदन २०७२–७४ सार्वजनिक गर्दै '२४ घण्टे बिमा' लागू गर्न सम्बन्धित मुलुकलाई प्रस्ताव गर्ने उद्घोष गरेका थिए ।

रोजगारीका लागि विभिन्न मुलुकमा पुगेका नेपाली कामदारको दुर्घटना हुँदा क्षतिपूर्ति उपलब्ध गराउन २४ घण्टे बिमा सेवा प्राथमिकताका साथ प्रस्ताव गर्न नसकिएको मन्त्रालयका अधिकारीहरूकै स्वीकारोक्ति रहेको छ । सरकारले गन्तव्य मुलुकसँग तदारुकताका साथ २४ घण्टे बिमा कार्यक्रम लागू गर्ने प्रस्ताव गर्न नसक्दा विभिन्न कारण दुर्घटनामा परी मृत्यु भएका र घाइते तथा अपांग हुन पुगेका हजारौं नेपाली कामदारले उचित क्षतिपूर्ति पाउन सकेका छैनन् ।

वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार सन् २००८ देखि २०२२ सम्म विदेशमा काम गर्न गएका १० हजार ६६६ जना नेपाली कामदारको मृत्यु भएको छ । जसमध्ये २५५ जना महिला रहेका छन् । २४ घण्टे बिमा लागू हुन नसकेका कारण यसरी मृत्यु हुनेहरूमध्ये आठ हजार ५५३ जनाका परिवारका सदस्यले बिमा भुक्तानी पाउन नसकेको बोर्डले जनाएको छ ।

यस्तै ड्युटी आवरभन्दा बाहिर रहेको समयमा मृत्यु भएको भन्दै एक दशकमा ' कार्डियाक अरेस्ट' र 'हर्ट अटयाक'बाट ज्यान गुमाएका दुई हजार २०७ जनाका परिवारले रोजगारदाताबाट पाउनुपर्ने बिमा सुविधा प्राप्त गर्न सकेनन् । त्यसैगरी प्राकृतिकरूपमा मृत्यु भएका दुई हजार ७७ जना पनि रोजगारदाताले उपलब्ध गराउनुपर्ने बिमा सुविधाबाट वञ्चित भएका तथ्यांक छ ।

कतिपय सन्दर्भमा रोजगारदाताले २४ घण्टाको बिमा सुविधा नदिँदा गम्भीर बिरामी तथा घाइते अवस्थामा रहेका नेपाली कामदारको उपचारमासमेत समस्या पर्दै आएको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती बताउँछन् । '२४ घण्टे बिमा सुविधा कार्यान्वयन गर्न एकतर्फीरूपमा नेपालले मात्रै चाहेर हुँदैन,' उनले प्रभावसँग भने, 'सम्बन्धित मुलुकसँग आवश्यक छलफल तथा परामर्शबाट मात्रै यसबारे निर्णय हुनसक्छ, यसका लागि हामीले नै पहल गर्नुपर्छ ।' उनका अनुसार २४ घण्टे बिमा सुविधा नहुँदा विशेषगरी मलेसिया र खाडी मुलुकमा जाने नेपाली कामदारहरू प्रभावित भएका छन् ।



> २४ घण्टे बिमा सुविधा कार्यान्वयन गर्न एकतर्फीरूपमा नेपालले मात्रै चाहेर हुँदैन । सम्बन्धित मुलुकसँग आवश्यक छलफल तथा परामर्शबाट मात्रै यसबारे निर्णय हुनसक्छ, यसका लागि हामीले नै पहल गर्नुपर्छ ।
>
> ■ **डा. द्वारिका उप्रेती**
> कार्यकारी निर्देशक,
> वैदेशिक रोजगार बोर्ड



> ड्युटी आवरभन्दा बाहेक बिमा नदिने रोजगारदाताको नीतिले नेपालीहरु मारमा परेका छन् । काम सकिएपछिको समयमा कामदारको मृत्यु भए, सवारी दुर्घटनामा परे भने रोजगारदाताबाट बिमा तथा सहयोग केही पाइँदैन ।
>
> ■ **राजेन्द्र भण्डारी**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

२४ घण्टे बिमा पोलिसी नेपाली कामदारका लागि अत्यावश्यक देखिएको भन्दै यस विषयमा श्रम मन्त्रालय गम्भीर रहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । तर, वैदेशिक रोजागारीमा जाने कामदारहरूका लागि भनेर मन्त्रालयमा बिमासम्बन्धी अहिलेसम्म कुनै छलफल नभएको उनको भनाइ छ । 'अब यस विषयलाई गन्तव्य मुलुकहरूसँग हुने प्रत्येक सम्झौता र ज्वाइन्ट कमिटी मिटिङमा प्रस्ताव गर्नेछौं,' प्रवक्ता घिमिरेले भने, 'कतिपय मुलुकसँग सम्झौता पुनरवलोकन तथा नवीकरण प्रक्रिया अघि बढिरहेको अवस्थामा हामी २४ घण्टे बिमाको कुरालाई महत्त्वका साथ समेट्ने पहल गर्नेछौं ।'

यता वैदेशिक रोजगार व्यवसायीहरूले २४ घण्टे बिमा सुविधाको विषय उठाइएको एक दशकभन्दा बढी भइसक्दा पनि सरकारले प्राथमिकतामा राखेर पहल नगरेको बताएका छन् । सरकारले समयमै पहल नगर्दा यसबीचमा थुप्रै नेपालीहरू समस्यामा पर्नुका साथै मृत्यु भएकाहरूका परिवारले रोजगारदाताबाट बिमाबापतको रकम पाउन सकेनन् । २४ घण्टे बिमा सुविधा नहुँदा धेरै कामदारले समस्या भोग्नु परिरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'ड्युटी आवरभन्दा बाहेक बिमा नदिने रोजगारदाताको नीतिले नेपालीहरू मारमा परेका छन्,' उनले भने, 'काम सकिएपछि कोठामा गएका कतिपय कामदार बिहान मृत फेला परेका छन्, कतिपयको हर्ट अटयाक भएर मृत्यु भएको छ, कोही सवारी दुर्घटनामा परेका छन्, यस्तो अवस्थामा रोजगारदाताबाट न सहयोग न बिमा, केही पाइँदैन ।'

२४ घण्टे बिमा लागू गराउन सकियो भने गम्भीर बिरामी वा घाइतेलाई राम्रोसँग उपचार गराउन पाइने उनको भनाइ छ । यदि मृत्यु भएको खण्डमा रोजगारदाताले दिने बिमाबाट आश्रित परिवारले केही राहत पाउने उनले बताए । यसका लागि सरकारले नै पहल गर्नुपर्नेमा उनले जोड दिए ।

# लघुवित्तपीडित महिलालाई राजधानीमा सास्ती



तस्बिरः प्रभाव

■ **विपना राना मगर**

**काठमाडौं–** दश नंग्रा खियाएर खेती गर्ने किसानहरू यतिबेला राजधानीमा छन् । उनीहरू घुमघाम वा कुनै काम विशेषले राजधानी आएका होइनन् । लघुवित्त संस्थाबाट पीडित बनेपछि न्याय माग्न राजधानी आएका हुन् ।

देशका विभिन्न जिल्लाबाट आएका उनीहरू मंगलबार दिनभर माइतीघर मण्डलमा धर्ना बसे । लघुवित्तबाट पीडित बनेर आएकाहरूमा अधिकांश महिलाहरू देखिन्छन् । मंगलबार बल्खु पुलदेखि थापाथली पुलसम्म पीडित महिलाहरूको लस्कर देख्दा कुनै मेला लागिरहेको हो कि भन्न लागेको थियो । तर, वास्तविकता भने त्यस्तो थिएन । विभिन्न जिल्लामा लघुवित्त संस्थाबाट पीडित भएकाहरू रात्रिबस चढेर बिहान सबेरै काठमाडौं झरेका हुन् ।

दिनभर धर्नामा सहभागी भएर साँझ हतारहतार फर्केनेको भीड पनि उस्तै देखिन्थ्यो । थापाथली पुलदेखि बल्खुसम्मको बागमती किनारमा विभिन्न जिल्लाबाट आएका सयौं सवारीसाधन पीडितहरूको पर्खाइमा थिए ।

दिनभर न्यायका लागि धर्नामा बसेका महिलाहरू फेरि उही मार्ग हुँदै आफ्नै खेतबारी पुग्नुपर्ने बाध्यता र हतारमा देखिन्थे । दिनभरको भोको पेटमा दूधे बालक बोकेर आउने महिलादेखि उमेर अस्ताउने बेलासम्मका ज्येष्ठ नागरिकहरू पनि न्यायका लागि आन्दोलनमा सहभागी हुन आएका थिए ।

लघुवित्त संस्थाले चर्को व्याज असुलेर आफ्नो घरखेत नै खाइदिने अवस्था आएपछि पीडितहरू काठमाडौंमा धर्नामा बसेका हुन् । विभिन्न जिल्लाबाट आन्दोलनका लागि आएका अधिकांश महिलाहरू ललितपुरतर्फको बागमती किनारामा थकित मुद्रामा बसेका देखिन्थे । निर्वाचनका बेला भोट माग्न आउनेहरूले आफूहरूलाई सहयोग नगरेको बरु तिनै मिटरब्याजीहरूसँग लागेको आरोप महिलाहरूले लगाएका छन् ।

'चुनावको बेला भोट माग्न आउने नेताहरू अहिले हामी समस्यामा पर्दा कहाँ छन् पत्तो छैन,' मधेस प्रदेशबाट आएकी सीतादेवी यादवले भनिन् । मिटरब्याज तथा ठगीविरुद्ध किसान एवं मजदुर संघर्ष समिति र लघुवित्त वित्तीय संस्थाविरुद्धको संघर्ष समिति नै खडा गरेर पीडितहरू संघर्षमा उत्रिएका हुन् । देशभरबाट पीडितहरू संघर्षमा उत्रिएको भएता पनि सरकारी पक्षले खासै चासो नदिएको उनीहरूको गुनासो छ ।

एकातिर सरकारले किसान मजदुरहरूको संघर्षका पक्षमा सम्बोधन गर्न सकेको छैन भने त्यही सरकारमा रहेका राजनीतिक दलका प्रतिनिधिहरू भने आन्दोलनरत किसानहरूसँग ऐक्यबद्धता जनाउन माइतीघर पुग्न भ्याएका थिए । *(प्रशिक्षार्थी पत्रकार)*

# वीर अस्पतालमा ‘बर्न वार्ड’ सुरु हुँदै

**काठमाडौं–** वीर अस्पतालले ‘बर्न वार्ड’ सुरु गर्ने भएको छ । नेपालको सबैभन्दा पुरानो अस्पतालका रूपमा रहेको अस्पतालको नयाँ भवनमा छिट्टै बर्न वार्ड सञ्चालन हुने अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले जानकारी दिए ।

सिमुलेसन ल्याबसहित अन्य सेवामा विस्तार गर्ने गरी छ तलामा निर्माण भएको उक्त भवनको भुइँ तलामा रेडियोलोजी सेवा, ब्लड बैंक, फार्मेसी, पहिलो तलामा कोभिड नियन्त्रण सेवा र दोस्रो तलामा सर्जिकल वार्ड र कोभिड नियन्त्रण सेवा सञ्चालनमा रहेका छन् ।

त्यस्तै, तेस्रो तलामा सर्जिकल वार्ड र क्याबिन, चौथो तलामा १८ शयत्यासहितको आइसियू सेवा, एचडियू (उच्च निर्भरता एकाइ), पोस्ट अपरेटिभ वार्ड र क्याबिन रहेका छन् । पाँचौं तलामा शल्यक्रिया कक्ष र फार्मेसी र छैटौं तलामा सिमुलेसन ल्याब र कार्यालय सञ्चालनमा रहेका छन् ।

गत वर्ष चैतमा सञ्चालनमा रहेको उक्त उच्चस्तरको सिमुलेसन ल्याब चिकित्सकको सीप विकास गर्न तथा परीक्षण गर्न वीर हस्पिटलको नयाँ भवनमा सञ्चालनमा आएको छ । विश्व स्वास्थ्य संगठनको सहायतामा हरेक प्रदेशको स्वास्थ्य तालिम केन्द्रमा पनि यस्तै सिमुलेसन ल्याब बनाउने योजना रहेको छ ।

प्रादेशिकस्तरका ल्याबमा सिमुलेसन सञ्चालनको लागि वीर अस्पतालले तालिम प्रदान गर्ने अस्पतालका प्रमुख कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट प्रा.डा. रविराम श्रेष्ठले जानकारी दिए । उनले भने, ‘सिमुलेसन ल्याब एक खालको अस्पताल सेटअप नै हो । यो बिरामीलाई जाँच गर्नुभन्दा अगावै गर्ने एउटा परीक्षण गर्ने विधि हो । बिरामीलाई जाँच्दा चाहिने उपकरणका सामान आवश्यकता पर्छ । चिकित्सक नर्स पनि उही हुने छन् । मात्र बिरामीको सट्टा डमीको विस्तारित रूप हुनेछ ।’ सिमुलेसन परीक्षणबाट धेरै हदसम्म चिकित्सकका कमजोरीलाई न्यूनीकरण गर्नमा सघाउ पुऱ्याउने डा. श्रेष्ठले बताए ।

उक्त ल्याबमा चिकित्सकले एउटै रोगलाई पटक-पटक परीक्षण गर्न सकिने हुँदा परीक्षणको क्रममा आफ्ना कमीकमजोरी देखाउने र उक्त डमीमा सफ्टवेयर जडान हुने हुनाले बिरामीमा पर्न जाने पीडालाई पनि महसुस गर्न सकिने हुँदा सिकाइको लागि यो विधि अति उत्तम हुने अस्पतालकी सहप्रा.डा. ऋतु प्रधानले बताइन् ।

चिकित्सको आफ्नो सीप परीक्षण गरी आफ्नो आत्मविश्वासलाई अभिवृद्धि गर्न मद्दत पुऱ्याइ बिरामीमाथि पर्न जाने चिकित्सकको कमजोरीलाई न्यूनीकरण र स्वास्थ्य संकट देखा पर्दा त्यसलाई व्यवस्थित गर्नमा समूहमा परीक्षण गरी उपयुक्त तरिकाले जाँच गर्नमा ठूलो सघाउ पुऱ्याउनमा महत्त्वपूर्ण योगदान गर्ने उनको भनाइ छ । विकसित मुलुकमा अस्पतालको भवन नै सिमुलेसन ल्याबको व्यवस्था भए पनि वीर अस्पतालमा भने नर्सिङ साइड (डेलिभरि सेवा) र मेडिकल साइड गरी दुई सिमुलेसन ल्याब सेवा सञ्चालनमा रहेका छन् । *रासस*

## नामले अशान्त...

पृष्ठ १ बाट जारी

वारीसम्मको भूगोल लिम्बुवानको हो । पूर्वसहसचिव भगिराज इङ्नामको मदन पुरस्कारप्राप्त पुस्तक ‘लिम्बुवानको ऐतिहासिक दस्तावेज संग्रह’मा समावेश भएका दस्तावेजहरूले उक्त भूगोलको नाम लिम्बुवान भएको पुष्टि गर्छ ।

ती ऐतिहासिक दस्तावेजहरूका अनुसार सेन शासकहरूले पछिल्लोपटक वि.सं. १८२४ मा जारी गरेको एउटा दस्तावेजमा लिम्बुवान शब्द उल्लेख भएको भेटिएको छ ।

इतिहासका अन्वेषक लक्ष्मण लावतीका अनुसार त शाहकालसम्मै ‘पल्लो किरात लिम्बुवान’ भनिन्थ्यो । ‘राजा रणबहादुर शाह र उनीपछिका राजाहरूले जारी गरेको विभिन्न लालमोहरदेखि अनेकन दस्तावजेमा भूगोलको नाम पल्लो किरात लिम्बुवान लेखिएको पाइन्छ,’ उनी दाबी गर्छन् ।

उदयपुरको चौदण्डी गढीदेखि पश्चिम भने खम्बुवानको भूमि रहेको दस्तावेजहरूले पुष्टि गरेको अर्का इतिहासका अन्वेषक राजकुमार दिक्पालले विभिन्न लेखमार्फत दाबी गर्दै आएका छन् । कतिपय दस्तावेजले भने उक्त भूगोललाई माझ किरात खम्बुवान भन्ने गरेको पनि बताइन्छ । यी कारणहरूले गर्दा पनि पहिचान पक्षधरहरू ऐतिहासिक पहिचानको आधारमा प्रदेशको नामांकन हुनुपर्ने भन्दै आन्दोलित छन् ।

त्यसो त पहिलो संविधानसभामा डा. मदन परियारको नेतृत्वमा गठित उच्चस्तरीय राज्य पुनर्संरचना सुझाव आयोगले प्रदेश नामाकरणको आधार ऐतिहासिक पृष्ठभूमिलाई पनि हुने सुझाएको थियो । सोहीअनुसार त्यसबेला बहुपहिचानको आधारमा कांग्रेस र एमालेले हाल कोशी प्रदेशले समेटिएको भूगोललाई खम्बुवान-सगरमाथा, कोशी-खम्बुवान, लिम्बुवान-कञ्चनजंघालगायत नाम प्रस्ताव गरेका थिए । तत्कालीन एकीकृत नेकपा माओवादीले भने एकल पहिचानका आधारमा लिम्बुवान, खम्बुवान, कोच, अवधजस्ता नामाकरण गरेको थियो ।

तर, दोस्रो संविधानसभा हुँदै प्रतिनिधिसभा निर्वाचन २०७४ सँगै २०७९ सम्ममा आइपुग्दा पहिचानवादीहरूको जनमत घट्दै गयो । परिणामतः महेन्द्रकालीन राज्य पुनर्संरचनाअन्तर्गत तत्कालीन पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने एउटा अञ्चलको नाम कोशी नै प्रदेशको नाम राख्न एमाले, कांग्रेस, माओवादी र राप्रपाले रुचाए ।

यसप्रति पहिचानवादीहरू १७ फागुनदेखि नै लगातार आन्दोलनमा छन् । आन्दोलनको नेतृत्व प्रदेश १ को पुनः नामांकन संघर्ष समितिले गर्दै आएको छ । आन्दोलनको संयोजन भने नेपाल आदिवासी जनजाति महासंघ, किरात याक्थुङ चुम्लुङ, किरात राई यायोख्यासहितका पहिचान पक्षधर जातीय घटकहरूले गर्दै आएका छन् ।

कांग्रेस, एमाले, माओवादी, जसपा, नेपपा एसलगायत विभिन्न दलका लिम्बुवान र खम्बुवानसम्बन्धी भ्रातृ संगठनसँगै संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बन्धी लिम्बुवान, खम्बुवान, खम्बुवान मुक्ति मोर्चालगायतका क्षेत्रीय दलहरू आन्दोलित छन् । किरात मोर्चा पनि आन्दोलनमै छ ।

अघिल्लो प्रदेश संसद्मा भने पहिचान झल्किने नाम नराखिँदा आन्तरिक द्वन्द्व चर्किनसक्ने बुझाइका आधारमा संसद् बैठकमा नामसम्बन्धी प्रस्ताव निर्णयार्थ प्रस्तुत भएन ।

प्रदेशका पहिलो मुख्यमन्त्री शेरधन राई, दोस्रो मुख्यमन्त्री भीम आचार्यदेखि तेस्रो मुख्यमन्त्री राजेन्द्रकुमार राईसम्मले नामसम्बन्धी प्रस्ताव पेस गर्न चाहेनन् । किनभने उनीहरूको डर निर्वाचनमा पहिचानवादीहरूले असहयोग गर्न सक्नेमा थियो । तर, प्रदेशका चौथो मुख्यमन्त्रीको रूपमा रहेका वर्तमान मुख्यमन्त्री हिक्मत कार्कीले भने प्रदेश राजधानी विराटनगरमा कफर्चु आदेश जारी गराएरै प्रदेशको नाम कोशी राखे ।

अघिल्लो संसद्मै कार्की पनि आबद्ध दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रदेशको नाम कोशी राख्न दबाब दिएका थिए । किनभने उनले तत्कालीन प्रदेश ३ लाई बागमती, प्रदेश ४ लाई गण्डकी, ५ नम्बर प्रदेशलाई लुम्बिनी, छ नम्बर प्रदेशलाई कर्णाली र ७ नम्बर प्रदेशलाई सुदूरपश्चिम प्रदेश राख्न लगाएका थिए ।

## उपराष्ट्रपति...

पृष्ठ १ बाट जारी

कार्यान्वयनमार्फत मुलुकलाई शान्ति र समृद्ध तुल्याउने कार्यमा मेरो भूमिका रहनेछ ।’

दुवै उम्मेदवारले राजनीतिक दल, तिनका संसदीय दलका नेता तथा मतदातालाई प्रत्यक्ष भेटेर तथा टेलिफोन सम्पर्क गरी आ-आफ्नो पक्षमा मतदान गर्न र त्यसका लागि वातावरण बनाउन आग्रह गरिरहेका छन् ।

निषेधको अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न, उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न नपाइने निर्वाचन आयोगले जनाएको छ । आयोगले उम्मेदवारलाई मत माग्न, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालबाट मत माग्न, आचारसंहिताविपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जित/हारको पूर्वानुमानका सामग्री प्रसारजस्ता कार्य नगर्न सुझाव दिएको छ ।

मतदानका दिन बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मतदानमा सहभागी भई अमूल्य मतदान गर्न निर्वाचकमण्डलका सदस्यलाई आयोगले अनुरोध पनि गरेको छ ।


### कम्पनीको नाम परिवर्तन, नियमावली संशोधन पूँजी बृद्धि शेयर लगत अभिलेदको सूचना

**पहिलो पटक प्रकाशित मिति : २०७९/१२/१**

यस कम्पनीको मिति २०७५/१०/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **श्रमिक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **श्रमिक इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्रमिक इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.(प्रा.लि.नं.२५२४५९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन, नियमावली संशोधन ठेगाना परिवर्तन शेयर लगत अभिलेखको सूचना

**पहिलो पटक प्रकाशित मिति : २०७९/१२/१**

यस कम्पनीको मिति २०७५/१०/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **कालिगण्डकी प्रोपर्टि डेभलपर्स प्रा.ली.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **जेन होम स्टे प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जेन होम स्टे प्रा.लि. (प्रा.लि.नं.६८५५२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RANA ABDULLAH BIN IBRAHIM AL-BASSAM FOUNDATION TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति २०७९/११/३० LT. No. 282578 चलानी नं. ६०१९८०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oven Baker | 1 | 0 | 1300 | ४५,२९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Restaurant Worker | 1 | 0 | 1000 | ३४,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ८ गते (22th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैँले | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैँले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL BUNYAN ALMUTAQADIM OPERATION AND MAINTENANCE EST.

पूर्व स्वीकृति मिति २०७९/०२/०४ पूर्व स्वीकृति मिति २०७९/११/३०त LT. No. 263087 चलानी नं. ६०१७९३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 16 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैँले सेवा शुल्क: १०,०००/-

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: चैत ८ गते (22th Mar. 2023)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75



### मलेशियामा रोजगार

1. PAN CONCEPT TECHNOLOGY SDN BHD पुन: विज्ञापन
पुर्व स्विकृति मिति: 2079.05.06 चलानी नं. ६०१८५८९१ LT No. 270080

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 03 | 1500 | 44088 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. GRAND DYNAMIC BUILDERS SDN. BHD., MALAYSIA पुन: विज्ञापन
पुर्व स्विकृति मिति: 2079.04.13 चलानी नं. ६०१८३९७१ LT No. 268017

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 05 | 1500 | 44088 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०७९ चैत्र ८ गते (22 March 2023) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला लागत खर्च नि:शुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत १ गते, बुधबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| **कर्कट** | आँटेको र ताकेको कार्य पूरा हुनेछ । |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ । |
| **कन्या** | राजनीतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला । |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । |
| **कुम्भ** | सवारीसाधन चलाउँदा वा बाटो काट्दा होस् राख्नुपर्छ । |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई लाभ हुनेछ । |

### प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

### अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

### शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

### नेपाल राष्ट्र बैंक

चैत १ गते, २०७९, १५ मार्च, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# दक्षिण कोरियाका २०० बौद्ध तीर्थयात्री लुम्बिनीमा



**लुम्बिनी–** दक्षिण कोरियाबाट बुद्धस्थलको पैदलयात्रामा निस्केका २०० बौद्ध भिक्षु र तीर्थयात्री लुम्बिनी आइपुगेका छन् । उक्त समूहलाई मंगलबार लुम्बिनी विकास कोषले बुद्धस्थल लुम्बिनीमा एक समारोहबीच स्वागत गरेको छ । कोरियाका अग्रज भिक्षु छासुंगसहितका धर्मगुरु र तीर्थयात्री लुम्बिनी आएका हुन् ।

कोरियाली बौद्ध भिक्षु भिक्षुणी र तीर्थयात्रीलाई रूपन्देही निर्वाचन क्षेत्र नं ५ का प्रतिनिधिसभा सदस्य वासुदेव घिमिरे, लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठी, लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगरप्रमुख सजरुद्धिन मुसलमानलगायतले पैदलयात्रीलाई बुद्धजन्मस्थलमा खादा ओढाएर स्वागत गरे ।

कोरियाली बौद्ध तीर्थयात्रीको टोलीले मायादेवी मन्दिरमा विश्वशान्तिको कामना गर्दै प्रार्थना गरेको थियो । पूजा तथा प्रार्थनामा नेपालका लागि कोरियाली राजदूत पार्क चोङ सुकको उपस्थिति रहेको छ । प्रार्थना र पूजामा प्रतिनिधिसभा सदस्य घिमिरेले लामो यात्रा गरेर बुद्धजन्मस्थल लुम्बिनी आएका बौद्ध भिक्षुसहितको टोलीलाई स्वागत गर्न पाउँदा खुसी लागेको बताए । उनले यस्ता भ्रमणले नेपाल र दक्षिण कोरियाबीचको सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गरे ।

घिमिरेले नेपाल र दक्षिण कोरियाबीच धार्मिकरूपमा मात्रै नभई रोजगारीका हिसाबले पनि सम्बन्ध जोडिएको उल्लेख गरे । नेपालका लागि कोरियाली राजदूत पार्क चोङ सुकले धर्मगुरुसहितका तीर्थयात्रीलाई बुद्धजन्मस्थल मायोदवी प्रांगणमा स्वागत गर्न पाउँदा खुसी लागेको बताए । उनले दक्षिण कोरियासँग नेपालको सम्बन्ध बुद्धजन्मस्थल लुम्बिनीले झनै प्रगाढ बनाएको बताए ।

कोषका उपाध्यक्ष त्रिपाठीले फागुन महिना भगवान् गौतमबुद्धको जीवनमा निकै ठूलो महत्त्वको महिना भएको बताउँदै यही महिनामा बुद्धमार्गलाई पछ्याउँदै एक हजार किलोमिटरको दूरी पूरा गरी कष्टका साथ लुम्बिनी आइपुगेका बौद्धमार्गीका लागि खुसीको क्षण रहेको बताए । उनले अग्रज भिक्षुसहितको तीर्थयात्रीको लुम्बिनी आगमनले दक्षिण कोरियासँग नेपालको आध्यामिक सम्बन्ध अझै मजबुत भएको बताए । उनले दक्षिण कोरियाबाट उच्च तहका भिक्षुसहितको बौद्ध तीर्थयात्रीको लुम्बिनी भ्रमणले विश्वमा सकारात्मक सन्देश जाने विश्वास व्यक्त गरे ।

दक्षिण कोरियाको संस्कृति, खेलकुद तथा पर्यटन मन्त्रालयअन्तर्गत दर्ता बौद्ध संस्थाले २०० कोरियाली बौद्ध भिक्षु-भिक्षुणीसहित बौद्ध तीर्थयात्रीलाई पैदलयात्रा गराई लुम्बिनी ल्याएको हो । भारतस्थित बोधगया, शारनाथ, कुसिनगर हुँदै पैदलयात्री लुम्बिनी आइपुगेका हुन् । मायादेवी मन्दिरभित्र रहेको बुद्ध जन्मस्मारक (मार्कर स्टोन), पवित्र पुस्करणी पोखरी, अशोक स्तम्भको अवलोकनसँगै मायादेवी प्रांगणमा विश्वशान्तिको कामना गर्दै अग्रज भिक्षु छासुंगले प्रवचन दिए ।

उक्त अवसरमा लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई, सदस्यसचिव सानुराजा शाक्य, योजना प्रमुख सरोज भट्टराई, कोषका कार्यकारिणी सदस्य विश्वराज पौडेल लगायतको उपस्थिति थियो । फेब्रुअरी ९ तारिखदेखि भारतको नयाँ दिल्लीबाट पैदल हिँडेर तीर्थयात्रा सुरु भएको थियो । लुम्बिनीमा पछिल्लो समय बौद्ध देशबाट बौद्ध धर्मगुरु र तीर्थयात्रीको ठूलो-ठूलो समूह बुद्धजन्मस्थल लुम्बिनी आउने क्रम बढेको र यसले कोभिडपछि सुस्ताएको पर्यटन क्षेत्रलाई ऊर्जा थपेको कोषका वरिष्ठ प्रमुख प्रशासकीय अधिकृत ज्ञानिन राईले बताए । उनले चीनबाट पनि फेरि यस्तै ठूलो समूह लुम्बिनी आउने कार्यक्रम रहेको बताए ।

टोलीमा दक्षिण कोरियाबाट त्यहाँको राष्ट्रिय सञ्चारमाध्यमको सहभागिता थियो । कोरियाली बौद्ध धर्माम्बिलम्बीको टोली बुधबार बिहान करहवा नाका हुँदै भारततर्फ पैदल फर्कनेछ । तीर्थयात्रीलाई मंगलबार बिहान नेपाल भारत सीमा बेलहिया नाकामा पनि स्वागत गरिएको थियो । *रासस*

# राष्ट्रपतिको प्रमुख स्वकीय सचिवमा डा. चालिसे

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख स्वकीय सचिवमा पूर्वराजदूत डा. सुरेशचन्द्र चालिसे नियुक्त भएका छन् ।

राष्ट्रपतिको प्रमुख स्वकीय सचिवमा डा. चालिसेलाई नियुक्त गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ । डा. चालिसे पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको परराष्ट्र सल्लाहकार भएका थिए । उनी नेपालका लागि अमेरिका र बेलायतका पूर्वराजदूतसमेत हुन् ।

त्यसैगरी राष्ट्रपति पौडेलको निजी सचिवमा चिरञ्जीवी अधिकारी नियुक्त भएका छन् ।



उनी लामो समयदेखि पौडेलको स्वकीय सचिवका रूपमा कार्यरत छन् । तनहु क्षेत्र नं १ बाट प्रतिनिधिसभामा निर्वाचित पौडेल यही फागुन २५ गते राष्ट्रपतिमा निर्वाचित भएका थिए । उनले सोमबार राष्ट्रपति पदको शपथ लिई पदभार सम्हालेका हुन् ।

नेपाल सरकार
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा २०७५/०८/०९ मा दर्ता भएको प्रा.लि नं. २०३०२३ को अमल ड्रिङ्क्स उद्योग प्रा.लि. नामक कम्पनीले दर्ता खारेजी गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AKASIYA HOTEL
पूर्व स्वीकृति मिति २०७९/११/३० LT. No. 282657 चलानी नं. ६०१९८०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Presser Gen | 1 | 0 | 2100 | ७५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Cashier | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 3 | Marketing Represent | 1 | 0 | 2500 | ८९,८१५ | | | | | | | |
| 4 | Gril Chick Maker | 1 | 0 | 1800 | ६४,६६५ | | | | | | | |
| 5 | Confectioner | 1 | 1 | 2100 | ७५,४४५ | | | | | | | |
| 6 | Waiter | 7 | 0 | 1800 | ६४,६६५ | | | | | | | |
| 7 | Gen Clean Worker | 6 | 0 | 1000 | ३५,९२५ | | | | | | | |
| 8 | Messenger | 4 | 0 | 1200 | ७५,४४५ | | | | | | | |
| 9 | Customer Service | 3 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 10 | Reservation Office | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 11 | Services Employee | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 12 | Labourer | 7 | 0 | 1000 | ३५,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत ८ गते (22nd Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISTANBUL DAYS RESTAURANT
पूर्व स्वीकृति मिति २०७९/११/३० LT. No. : 282623 चलानी नं. ६०१९८०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 2 | 0 | 1000 | ३५,९२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ बर्ष |
| 2 | Labor | 2 | 0 | 1000 | ३५,९२५ | | | | | | | |

कम्पनी : DELL SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/११/२९ LT. No. : 282386 चलानी नं. ६०१९८०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 79 | 0 | 1500 | ४३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत ८ गते (22nd Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति २०७९/०९/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/३० LT. No. 278991 चलानी नं.६०१९४५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 3 | 0 | 130 | ५६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Butcher | 2 | 0 | 140 | ६०,६०० | | | | | | | |
| 3 | Cold Kitchen-cook | 2 | 0 | 130 | ५६,२७० | | | | | | | |
| 4 | Hot Kitchen-cook | 3 | 0 | 150 | ६४,९३० | | | | | | | |
| 5 | Housekeeping | 0 | 3 | 110 | ४७,६१५ | | | | | | | |
| 6 | Indoor Cleaner | 10 | 0 | 85 | ३६,७९५ | | | | | | | |
